12TH SOCIAL BUSINESS Day

वर्तमान सभ्यताले मानव अस्तित्व समाप्त पार्नु अघि
नयाँ सभ्यताको सुरूवात गरौं

# १२औं सामाजिक व्यवसाय दिवस
# कन्ट्री फोरम अफ नेपाल, २०७९

(२०७९, आषाढ १५)

स्वावलम्बन विकास केन्द्र
माइतीघर हाईट, काठमाडौं

12TH SOCIAL BUSINESS Day

वर्तमान सभ्यताले मानव अस्तित्व समाप्त पार्नु अघि
नयाँ सभ्यताको सुरूवात गरौं

# १२औं सामाजिक व्यवसाय दिवस
# कन्ट्री फोरम अफ नेपाल, २०७९

(२०७९, आषाढ १५)

स्वावलम्बन विकास केन्द्र
माइतीघर हाईट, काठमाडौं

12TH SOCIAL BUSINESS Day

# कन्ट्री फोरम अफ नेपाल

आषाढ १५, २०७९ (जून २९, २०२२)
विहान ९:४५ देखि अपरान्ह ०१:३० सम्म

वर्तमान सभ्यताले मानव अस्तित्व समाप्त पार्नु अघि नयाँ सभ्यताको सुरूवात गरौं

स्वालम्बन विकास केन्द्र
नेपाल

## आयोजक समिति



**श्री शंकर मान श्रेष्ठ**
अध्यक्ष



श्री ज्योतीचन्द्र ओझा
सदस्य



श्री महेन्द्र कुमार गिरी
सदस्य



डा. पुरुषोत्तम श्रेष्ठ
सदस्य



श्री नरोत्तम अर्याल
सदस्य



डा. गोपाल दहित
सदस्य



श्री शोभा बज्राचार्य
सदस्य



श्री डम्वर बहादुर शाह
सदस्य



श्री संजय कुमार मण्डल
सदस्य



श्री विमला योगी
सदस्य



श्री वेचन गिरी
सदस्य सचिव

# प्राक्कथन



प्रोफेसर मुहम्मद युनूसले विश्वव्यापी रुपमा सामाजिक व्यवसायको अवधारणालाई प्रवर्द्धन गर्दै आउनु भएको छ। यसको लागि बंगलादेशको युनूस सेन्टरले हरेक वर्ष विश्वभरीका सामाजिक व्यवसायीहरू, लघुवित्त अधिकारीहरू, सञ्चारकर्मीहरू, युवा उद्यमीहरू, शिक्षाविद्हरू, सामाजिक व्यवसायका प्रवर्द्धकहरू, शुभचिन्तकहरू तथा अन्य सरोकारवालाहरूको जमघट गराई सामाजिक व्यवसायसँग सम्बन्धित विभिन्न सभा सम्मेलन तथा गतिविधिहरू गर्दै आएको छ। अनलाईन सामाजिक सञ्जाल तथा वेबसाइटहरू, अध्ययन अनुसन्धान तथा प्रकाशनहरू लगायत विभिन्न माध्यमबाट तिब्रता दिएर सामाजिक व्यवसाय प्रवर्द्धन अभियानलाई विश्वव्यापी वनाउन सफल भएको छ। युनूस सेन्टरले सामाजिक व्यवसाय गर्ने विश्वभरका संघसंस्थाहरू माझ सहकार्य गर्न तथा सम्बन्ध बिस्तार गर्न पनि सेतुको काम गरेको छ।

प्रो. युनूसले वर्तमान सभ्यताका कारण उत्पन्न गरीबी, बेरोजगारी र कार्बन उत्सर्जन जस्ता समस्या र यसबाट सृजना भएका खतराहरूलाई सम्बोधन गर्न नयाँ सभ्यता निर्माण गर्नु पर्ने अपरिहार्यतालाई औंल्याउदै नयाँ सभ्यता निर्माणको अभियानै सुरु गर्नु भएको छ। सामाजिक व्यवसाय दिवस पनि यही अभियानको एक अभिन्न अंग बनेको छ। स्वावलम्बन विकास केन्द्रले पनि सामाजिक व्यवसाय प्रवर्द्धन लगायत विभिन्न विषयमा युनूस सेन्टर, बंगलादेश सँग सहकार्य गर्दै आएको छ। यसै सन्दर्भमा १२औं सामाजिक व्यवसाय दिवसको अवसरमा नेपाल फोरमको आयोजना गरेको हो।

१२औं सामाजिक व्यवसाय दिवस २०२२को अवसरमा **"वर्तमान सभ्यताले मानव अस्तित्व समाप्त पार्नु अघि नयाँ सभ्यताको सुरुवात गरौं"** भन्ने मूल नाराका साथ २०७९ आषाढ १३ देखि १६ (2022, June 27-30) सम्म भौतिक र अनलाईन माध्यमबाट विभिन्न सभा, सम्मेलन तथा सेमिनारहरु सम्पन्न भएका छन्। यस अवसरमा नेपालमा पनि अनलाईन माध्यमबाट **कन्ट्री फोरम अफ नेपाल** आयोजना गरिएको हो। नेपाल कन्ट्री फोरमले नेपालमा सामाजिक व्यवसायको माध्यमबाट सामाजिक पुनर्संरचना गर्न तथा नयाँ सभ्यता निर्माण गर्न जोड दिएको छ। यस क्रममा फोरमले वातावरणमैत्री प्रविधिको अवलम्बन र प्रवर्द्धन, युवा स्वरोजगार सृजना गर्न तथा प्रवर्द्धन गर्न र युवाहरूलाई विश्वको नेतृत्व दिन आव्हान गरेको छ। यसको लागि लघुवित्त तथा लघुवित्त सञ्चालन गर्ने सहकारी संस्थाहरूले नेतृत्वदायी भूमिका खेल्नु पर्ने आवश्यकता औंल्याइएको छ। यसबाट पिछडिएका वर्ग तथा समुदायहरूको जीवनस्तर उकासेर सुन्दर भविष्य सिर्जना गर्न र समग्र मानवजातिको दिगो भविष्यलाई आकार दिन सक्ने विश्वास राखिएको छ।

वर्तमान सभ्यताले गर्दा विश्वव्यापी रूपमा नै केही वर्गमा अधिकतम धन केन्द्रित हुदै गएको छ। यसको कारण नकारात्मक तरिकाले शक्ति वा धन आर्जन गर्ने होडवाजी वा प्राकृतिक श्रोतको दोहन गर्ने प्रवृति वढेको छ। अत्याधिक कार्बन उत्सर्जन बढेर विश्वव्यापी रूपमा तापमान बृद्धि भएको छ। धनी र गरीब बिचको दुरी बढेको छ। गरीबी र वेरोजगारीको समस्या दिन प्रतिदिन विकराल बन्दैछ। अधिकांश यस्ता समस्या मानिस आफैले सृजना गरेका हुन जसले गर्दा मानवजातिको आफ्नै अस्तित्व संकटमा परेको छ। त्यसैले अव नयाँ सभ्यता निर्माण गर्नु जरुरी छ। नयाँ सभ्यताले मानवजाति र समग्र पृथ्वीका समस्याहरू समाधान गर्न मुख्यतया सामुहिक लाभमा आधारित अर्थतन्त्रमा केन्द्रित हुनुपर्छ। सामाजिक व्यवसायको विकास र प्रवर्द्धन गरी सामाजिक पुनर्संरचनाका अवसरहरू विस्तार गर्ने र समाजमा हाल विद्यमान समस्याहरूको उचित, व्यावहारिक र दीर्घकालिन समाधानहरू खोज्ने कार्यदिशा वनाएर अघि वढ्नु पर्छ। १२औं सामाजिक व्यवसाय दिवस, नेपाल फोरम यही सन्देश प्रवाह गर्न सफल भएको छ।

अन्त्यमा यस '१२ औं सामाजिक व्यवसाय दिवस, कन्ट्री फोरम अफ नेपाल' सफल बनाउन काम गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु। नेपाल फोरमको आयोजना गर्न प्रेरणा र मार्गदर्शन गर्नुहुने प्रो. मुहम्मद युनूस र युनूस सेन्टरको टोलीलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस फोरमलाई भव्यरूपमा सफल बनाउनका लागि योगदान गर्नु हुने नेपाल फोरमका सहभागीहरू, आयोजक समितिका सदस्यहरू, श्रोत व्यक्तिहरू, पत्रकारजन तथा स्वावलम्बन विकास केन्द्रका कर्मचारीहरूलाई पनि धन्यवाद दिन चाहन्छु।

**शंकर मान श्रेष्ठ**
अध्यक्ष
आयोजक समिति
१२औं सामाजिक व्यवसाय दिवस,
नेपाल कन्ट्री फोरम २०७९

# विषय-सूची

प्राक्कथन

१. फोरमको पृष्ठभूमि १

२. उद्घाटन सत्र १

३. व्यवसायिक सत्रहरू ४

३.१ ११औं सामाजिक व्यवसाय दिवस, नेपाल कन्ट्री फोरमद्वारा निर्धारित दुई वर्षे कार्य योजनाको प्रगति र कार्यान्वयनको समीक्षा ४

३.२ नयाँ सभ्यताको निर्माणमा लघुवित्त संस्थाहरूको भूमिका ५

३.३ नेपालमा तीन शून्य क्लबहरूमा अनुभव साझेदारी ८

४. समापन सत्र १०

मार्ग चित्र १०

५. कार्यक्रमको मूल्याङ्कन ११

६. निष्कर्ष १३

अनुसूचि १ : कार्यक्रम तालिका १४

अनुसूचि २ : अतिथी, सहजकर्ता तथा वक्ताहरू १६

अनुसूचि ३ : व्यवसाय सत्रका सहजकर्ता तथा वक्ताहरूको परिचय १७

अनुसूचि ४ : संयोजन टोली १९

# फोरमको कार्य विवरण

## १. फोरमको पृष्ठभूमि


नेपालमा लघुवित्तको सुरुवात गर्ने अग्रणी गैरसरकारी संस्था स्वावलम्बन विकास केन्द्र द्वारा “वर्तमान सभ्यताले मानव अस्तित्व समाप्त पार्नु अघि नयाँ सभ्यताको सुरुवात गरौँ” भन्ने नाराका साथ २०७९ आषाढ १५ (2022, June 29) का दिन १२औं सामाजिक व्यवसाय दिवस २०२२, कन्ट्री फोरम अफ नेपाल आयोजना गरेको थियो । सामाजिक व्यवसाय दिवस एक वार्षिक कार्यक्रम हो जुन युनूस सेन्टर, बंगलादेशले विश्वव्यापी पारिवारिक जमघटको रूपमा आयोजना गर्दै आएको छ । यसले मानवजातिको सुनौलो र सुरक्षित भविष्यलाई आकार दिन सामाजिक व्यवसाय अभियन्ता र उद्यमीहरूको अनुभवहरू आदान प्रदान गर्न एउटा साझा मञ्च प्रदान गर्दछ । १२औं सामाजिक व्यवसाय दिवस विश्वभरका अनलाईन र भौतिक उपस्थिति दुबै माध्यमबाट 2022, June 27-30 सम्म पूर्वी अफ्रिकामा केन्द्रित भएर मनाईएको थियो ।

नेपाल कन्ट्री फोरममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बैंक, वित्तीय संस्था, व्यापारिक घराना, गैरसरकारी संघसंस्थाका साथै वातावरण, शिक्षा, वित्त, वाणिज्य, खेलकुद, युवा लगायत क्षेत्रका विज्ञहरुको सहभागिता रहेको थियो ।

वेबिनारमा ९२ संस्थाका ४२८ पुरुष र ९६ महिला गरी जम्मा ५२४ जना सहभागी थिए ।

## २. उद्घाटन सत्र

ग्रामीण बैंक बंगलादेश सँग संयुक्त रूपमा सन् २००६ मा निम्न वर्गको आर्थिक र सामाजिक विकासमा खेलेको भूमिका वापत नोबल शान्ति पुरस्कारबाट सम्मानित प्रो. मुहम्मद युनूस प्रमुख वक्ताको रुपमा फोरममा उपस्थित हुनुहुन्थ्यो । १२औं सामाजिक व्यवसाय दिवस, कन्ट्री फोरम अफ नेपाललाई सम्बोधन गर्दै प्रो. युनूसले हालको अर्थव्यवस्था, शैक्षिक प्रणाली सहितको सभ्यता मानवजातिको हितमा नभएको र यसले हाम्रो विनास गर्नु अघि नयाँ सभ्यता विकास



१२औं सामाजिक व्यवसाय दिवस २०७९ कन्ट्री फोरम अफ नेपालका सहभागीहरू



प्रमुख वक्ता प्रो. मुहम्मद युनूस सम्बोधनका क्रममा

गर्नु आवश्यक रहेको धारणा राख्नु भयो । साथै यसको लागि उहाँले युवाबर्गलाई अघि सारेर संसारको पुनर्संरचना गर्ने जिम्मा दिनु पर्ने उल्लेख गर्नु भयो । "सहभागी संख्याको हिसाबले नेपाल कन्ट्री फोरम १२औँ सामाजिक व्यवसाय दिवस विश्वभरीमै सबैभन्दा ठूलो फोरम हो । यो फोरम अनुभवहरु साझा गर्न, सम्भाव्यताहरु अन्वेषण गर्न र प्रत्येक समुदाय एवं देश भित्र सामाजिक व्यवसायको अभ्यासको विश्लेषण गर्नको लागी पारिवारिक जमघट जस्तै हो । नेपालमा विभिन्न विश्वविद्यालय र कलेजहरूमा विभिन्न सामाजिक व्यवसाय केन्द्रहरू छन् । हामीसँग संसारभरी १०१ युनूस सामाजिक व्यवसाय केन्द्र छन् । अब युवावर्गलाई सामाजिक रूपान्तरणका निम्ति परम्परागत शिक्षा सँग होइन रोजगारी सृजनासँग जोडनु पर्छ । शिक्षाको उद्देश्य र प्राथमिकता युवाहरूलाई वर्तमान समस्याहरू सँग लड्ने र नयाँबाटो अन्वेषण गर्नका लागि दक्ष बनाउने हुनुपर्छ । बर्तमान शिक्षाले हामीलाई आदेश र दिशानिर्देशहरू पालना गर्न सिकाउँछ, नेतृत्व गर्न होइन । हामी अरुले गराएको काममा मात्र सीमित हुनुहुन्न् । अब हामीले आफुलाई सक्षम र समृद्ध बनाउने शिक्षाको डिजाइन गर्नुपर्छ । हामी बसेको पृथ्वी अन्तरिक्ष यान जस्तै हो । हाम्रो शिक्षाले हामीलाई राम्रो यात्रु बन्न तालिम दिन्छ, दिशा निर्देश गर्ने चालक बन्न होइन । राम्रो शिक्षाको उद्देश्य युवाहरूलाई असल चालक बन्न सिकाउनु हो ताकि तिनीहरू आफैले सही उडान योजना विकास गरी नयाँ र सुरक्षित गन्तव्यमा पुग्न सकुन ।" प्रो. युनूसको भनाई थियो । उहाँले अहिलेको शिक्षा प्रणालीले उपयुक्त गन्तव्यको यात्रा नभई यात्री बन्न मात्र सिकाएको बताए । "हाम्रो शिक्षा प्रणाली यस्तो हुनुपर्छ कि हामी आफैं गन्तव्यको योजना बनाउन सकौं । हाम्रो गन्तव्य ३ शून्यको संसार हुनुपर्छ- स्वरोजगारीबाट शून्य बेरोजगारी, उद्यम विकास र सामाजिक व्यवसायको प्रवर्द्धनबाट शून्य गरीबी र स्वच्छ ऊर्जाको प्रवर्द्धनबाट शून्य कार्बन उत्सर्जन । यदि हामीले यी समस्याहरूलाई सम्बोधन गर्न सकेनौं भने, हाम्रो संसार मलबामा परिणत हुनेछ । त्यसैगरी, युद्धक हतियार उद्योग फस्टाउँदैछ र मानव मुल्यहरूप्रति अलिकति पनि प्रतिबद्ध छैन" । उहाँले थप्नु भयो । उहाँले यी समस्याहरुको समाधान ३ शून्य क्लबको प्रवर्द्धनमा निहित रहेको बताउनु भयो । उहाँले भन्नुभयो, "हामीले ३ शून्य क्लबलाई प्रवर्द्धन गर्नुपर्छ किनकी अघिल्लो पुस्ताले हाँकेको संसार धन केन्द्रित भएर विकसित अहिलेको सभ्यता मानवताको लागि खतरा सावित भएको छ । यसको व्यवहारिक समाधान भनेको ३ शून्य क्लबको गठन र प्रवर्द्धन नै हो । त्यसैले अब युवा पुस्तालाई अन्वेषकको रूपमा प्रोत्साहित गर्नुपर्छ र नयाँ सभ्यताको सुरुवात गर्नु पर्छ । अब हामीले हाम्रा समुदाय, छिमेकी देश र बाँकी विश्वलाई ३ शून्य क्लब मार्फत जोड्नुपर्छ" ।

सो अवसरमा बंगलादेश स्थित युनूस सेन्टरकी कार्यकारी निर्देशक लमिया मोर्शेदले नयाँ सभ्यताको मुल्य मान्यतामा "सामाजिक व्यवसायको महत्व र विश्वका प्रमुख साझा समस्या र मुद्दाहरू गरीबी बेरोजगारी र अत्याधिक कार्वन उत्सर्जन विरुद्धको लडाईंमा ३ शून्य क्लबहरू गठन गर्नु पर्ने धारणा राख्नु भयो । सहभागीको हिसाबले नेपाल फोरम विश्वभर मनाईएको १२औँ सामाजिक व्यवसाय दिवसमा सबैभन्दा ठूलो मञ्च भएको उहाँको भनाई थियो ।



कार्यक्रममा उपस्थित प्रतिनिधिहरूलाई स्वागत गर्दै श्री शंकर मान श्रेष्ठ

कन्ट्री फोरम अफ नेपालको सुरुवात गर्नु हुदै नेपाल फोरम आयोजक समितिका अध्यक्ष श्री शंकरमान श्रेष्ठले नयाँ सभ्यता निर्माणको प्रकृयामा जुटन आव्हान गर्नुभयो । "हामीले यो फोरममा नयाँ सभ्यता निर्माणको प्रक्रियामा केन्द्रित हुनुका साथै ३ शून्य क्लब र क्लबमा समावेश भएका सदस्यहरूले गरेको योगदानको बारेमा छलफल गर्नेछौं । उद्यमशीलता विकास मार्फत शून्य बेरोजगारी, एकै ठाउँमा वा

व्यक्तिमा सम्पत्ति सञ्चितीकरणलाई निरुत्साहित गरी सामाजिक व्यवसायको प्रवर्द्धन गरी शून्य गरीबी तथा खुद कार्बन उत्सर्जन घटाएर राख्ने हाम्रो संयुक्त प्रयास जारी राख्नु पर्छ । यो सबै हासिल गर्न वित्तीय र सहकारी संस्थाहरुको योगदानका बारेमा पनि छलफल गर्नेछौं । त्यस्तै, लघुवित्त वित्तीय संस्थाहरू नाफाको उद्देश्यले आफ्नो सिद्धान्त र उद्देश्यबाट टाढिएका छन् । लघुवित्त वित्तीय संस्थाहरूले उद्यमशीलता प्रवर्द्धन गरी बेरोजगारी शून्यमा झार्ने तर्फ लाग्नु पर्दछ । उद्यमशीलता प्रवर्द्धन गर्न हामीले विद्यालयसँग समन्वय गर्नुपर्छ र व्यवहारिक र सीपमा आधारित शिक्षा दिनुपर्छ । हामीले १२औं सामाजिक व्यवसाय दिवस २०२२ लाई विश्वभर अनलाईन र पूर्वी अफ्रिकामा भौतिक उपस्थिति मार्फत मनाउँदैछौं । फोरमको छलफलमा अत्याधिक कार्वन उत्सर्जनको कारण उत्पन्न जलवायु परिवर्तनको समस्या, धन सञ्चितीकरण र बेरोजगारी जस्ता संवेदनशील विषयमा केन्द्रित रहने छ । हामी अहिले जलवायु परिवर्तन तथा विश्वव्यापी तापक्रम वृद्धि, धनी र गरीबबीचको बढ्दो खाडल र बेरोजगारी जस्ता समस्याहरूको सामना गरी रहेका छौं । कोरोना महामारीले बेरोजगारी र गरीबी दर बढाएको छ । रुस-युक्रेन द्वन्द्वले मुद्रास्फीति बढाएको छ । यदि यी मुद्दाहरूलाई बेवास्ता गरियो भने हामी निकट भविष्यमा संकटमा फस्ने छौं । हामीले ११औं सामाजिक व्यवसाय दिवसमा दुई वर्ष भित्र सम्पन्न गर्ने गरी १४ बुँदे कार्ययोजना बनाएका थियौं । यो वर्ष कार्ययोजना कार्यान्वयन गर्न थप मिहिनेत गर्नेछौं ।"

११ औं सामाजिक व्यवसाय दिवस, कन्ट्री फोरम अफ नेपाल, २०२१ को आयोजना गर्नका लागि स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकरमान श्रेष्ठको अध्यक्षतामा आठ सदस्यीय सामाजिक व्यवसाय सम्मेलन आयोजक समिति गठन गरिएको थियो । आगामी दुई वर्षको कार्ययोजना र सो कार्ययोजना २०२१, जुलाई २ (२०७८ आषाढ १८) का दिन युनूस सेन्टर, बंगलादेशले आयोजना गरेको प्रतिवेदन प्रस्तुतिकरण फोरम (Report Back Session of Country Forum) मा प्रस्तुत गरिएको थियो ।

नेपाल कण्ट्री फोरमको उद्घाटन सत्रमा विशेष अतिथिको रुपमा नेपाल राष्ट्र बैंकका पूर्व गर्भनर डा. चिरञ्जीवी नेपालले गरीबी जटिल र बहुआयामिक



उद्घाटन सत्रमा विशेष अतिथि नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा. चिरञ्जीवी नेपाल

समस्या भएको औल्याँउदै नेपालमा कोभिड-१९ अघि १८ प्रतिशत रहेको गरीबी दर अहिले २० प्रतिशतमा पुगेको वताउनु भयो । साथै यसले सम्पत्ति एकाग्रता सिर्जनामा थप टेवा दिने र त्यसको असर झनै गम्भीर हुने बताउँदै सामाजिक व्यवसायलाई बढावा दिएर निश्चित बर्गमा धनको केन्द्रिकरणलाई धेरै हद सम्म कम गर्न सकिने धारणा राख्नु भयो । "नेपाल सरकार, केन्द्रिय तथ्याङ्क विभागको पछिल्लो तथ्याङ्क अनुसार नेपालको बेरोजगारी दर ११ प्रतिशत रहेको छ । जलवायु परिवर्तनको कारण उत्पन्न बाढी, पहिरो, खडेरी, प्राकृतिक स्रोत र जैविक विविधतामा आएको ह्रास लगायतका कारणले बेरोजगारीको समस्या झनै बढेको छ । युवा बेरोजगारी पनि नेपालको प्रमुख समस्या हो । वित्तीय संस्थाहरुले गरीबी न्यूनीकरण, वित्तीय पहुँच, महिला सशक्तिकरण र कार्बन उत्सर्जन न्यूनीकरणमा योगदान गर्नुपर्छ ।" कार्बन उत्सर्जनका सम्बन्धमा उहाँले भन्नुभयो, "नेपाल सरकारले ई.सन्. २०३० सम्ममा सडकमा कुल सवारी साधनको २५ प्रतिशत विद्युतीय सवारी साधन गुडाउने लक्ष्य राखेको छ । स्वच्छ ऊर्जाको प्रयोग संगै नवीकरणीय ऊर्जा, जलविद्युत र लघु जलविद्युतको प्रवर्द्धन गरेर कार्बन उत्सर्जन घटाउन सकिन्छ । त्यसैगरी गरीब र धनी बिचको असमानता र बेरोजगारीको समस्यालाई उद्यमशीलता फैलाएर नियन्त्रण गर्नुपर्छ ।"

## ३. व्यवसायिक सत्रहरू

### ३.१ ११औं सामाजिक व्यवसाय दिवस, नेपाल कन्ट्री फोरमद्वारा निर्धारित दुई वर्षे कार्य योजनाको प्रगति र कार्यान्वयनको समीक्षा



दुई वर्षे कार्ययोजनाको प्रगति बारे बोल्दै
श्री ज्योतिचन्द्र ओझा

यस सत्रमा आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत, ज्योतिचन्द्र ओझाले ११औं सामाजिक व्यवसाय दिवस, कन्ट्री फोरम नेपालले तय गरेको दुई वर्षे कार्ययोजना कार्यान्वयनको समग्र लक्ष्य र प्रगतिका बारेमा प्रकाश पार्नु भएको थियो । उहाँले लघुवित्त संस्थाले आफ्नो कार्यक्षेत्र भित्र पर्ने ग्रामीण भेगका माध्यमिक विद्यालयसँग मिलेर विद्यार्थीका लागि २० वटा उद्यम इन्क्युबेशन सेन्टर स्थापना गर्ने लक्ष्य अनुसार ५ वटा उद्यम इन्क्युबेशन सेन्टर स्थापना भएको र सफल लघुउद्यमीहरुको २० वटा सफलताको कथा तयार गर्ने लक्ष्य रहेकोमा संस्थाहरुले १५५ वटा सफलताका कथाहरु तयार गर्न सफल भएका छन् । यसै गरी लघुवित्त वित्तीय संस्थाहरुबाट ऋण लिएर आर्थिक-सामाजिक प्रगति गरेका सफल लघुउद्यमीहरु संग २५ वटा अनुभव आदानप्रदान भ्रमण कार्यक्रमहरु आयोजना गर्ने लक्ष्य भएकोमा कुल ५४ वटा यस्ता अनुभव आदानप्रदान भ्रमण कार्यक्रमहरु सम्पन्न गरिएका छन् । जुन लक्ष्य भन्दा करीब दुई गुणा बढी हो । वित्तीय संस्थाहरुले आफ्ना सदस्यहरूका माध्यमिक तहमा अध्ययनरत एक हजार बालबालिकालाई उद्यमशीलता विकासका लागि प्रवर्द्धन गर्ने पनि कार्ययोजनाको लक्ष्य थियो । यसमा कुल ५४४ जना माध्यमिक तह उत्तिर्ण बालबालिकालाई उद्यमशीलता विकासमा संलग्न गराईएको छ । यस्तै लघुवित्त संस्थाहरुले शैक्षिक संस्थाहरु सित मिलेर संयुक्तरुपमा उद्यमशीलता विकासका लागि सीप विकास कोष खडा गर्ने लक्ष्य राखेका थिए । सीप विकास कोषमा सुर्खेतको वातावरण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले रु. १ लाख सहयोग गरेको छ भने महुली लघुवित्त वित्तीय संस्था लिमिटेड सप्तरीले रु. ६ लाख र हिमचुली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड कालिकोटले रु. ५ लाख सहयोग गरेका छन् ।

कार्ययोजनाले स्वरोजगारका लागि लघुउद्यम सञ्चालन गर्न उत्प्रेरित गर्ने उद्देश्यले बैदेशिक रोजगारीबाट स्वदेश फर्केका युवाहरुको सूची तयार गर्ने योजना राखेको थियो । पछिल्लो तथ्याङ्क अनुसार स्वरोजगारमा संलग्न हुनका लागि बैदेशिक रोजगारीबाट फर्केका ४०६ जना युवाहरुलाई सहजीकरण र मेन्टरशिप प्रदान गरिएको छ ।

प्रत्येक लघुवित्त संस्थालाई आफ्नो सेवा अन्तर्गत अति गरीब र सीमान्तकृत परिवारहरूको जीवनस्तर उकास्न आफ्नो कार्यालयमा एक अति विपन्न सेल (Hardcore Poor Cell) स्थापना गर्ने लक्ष्य रहेको थियो । हालसम्म सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. ले यस्तो सेल बनाएर ७५० जनालाई सेवा प्रदान गरीसकेको छ । त्यस्तै महुलीले ५० जना र छायानाथ साकोसले ४ जनालाई सेवा प्रदान गरेको छ । जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले पनि अति विपन्न सेल खडा गरी सेवा प्रदान गरेको छ ।

प्रत्येक लघुवित्त संस्थाले ६ महिनाभित्र आफ्नो कार्यक्षेत्र भित्र लघुवित्त सेवाको पहुँचबाट वञ्चित विपन्न परिवारहरूको पहिचान गरी तालिम सञ्चालन गर्ने र समूहमा आवद्ध गर्ने तथा उद्यमी वनाउन आवश्यक सबै सेवाहरू एकीकृतरुपमा उपलब्ध गराउन सर्वेक्षण गर्नु रहेको छ । यस कार्यमा वातावरण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले अति विपन्न परिवारका २ हजार जनाको सर्वेक्षण गरी सेवा प्रदान गरेको छ । यसै गरी जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले ६२४ र नवप्रतिभा साकोसले ३ जना अति विपन्न परिवारको पहिचान गरी सेवा प्रदान गरेको छ ।

लघुवित्त संस्थाहरुले सदस्यहरूको उत्पादनको बजारीकरणलाई सहयोग पुर्याउन सदस्यहरूको स्वामित्वमा रहने गरी २० वटा हरियो पसलहरू (Green Shop) सामाजिक व्यवसायको रूपमा खोल्ने प्रतिबद्धता गरेका थिए । अहिले सम्म जम्मा ७ वटा यस्ता पसलहरु स्थापना भएका छन् ।

लघुवित्त संस्थाहरूले स्थानीय नगरपालिकासँगको सहकार्यमा ग्रामीण क्षेत्रमा २० वटा वातावरणमैत्री गाउँ प्रवर्द्धन गर्ने लक्ष्य राखेका थिए । हाल सम्म कुल ७ वटा वातावरणमैत्री गाउँ प्रवर्द्धन भएका छन् ।

लघुवित्त संस्थाहरूले स्थानीय युवाहरूलाई १०० वटा तीन शून्य क्लबहरू बनाउन र तिनीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालहरूसँग जोड्न उत्प्रेरित गर्नुपर्ने योजना अनुसार पहिलो वर्ष नै कुल १०४ वटा तीन शून्य क्लबहरु गठन गरी सकेका छन् ।

कार्य योजना अनुसार स्वावलम्बन विकास केन्द्र र आरएमडीसीले ४ वटा स्थानीय नगरपालिकाहरुसँग सहकार्य गरी उनीहरुको कार्यक्रम तथा योजनामा तीन शून्यको अवधारणालाई समावेश गरी कार्यान्वयन गर्न पहल गर्ने लक्ष्य रहेकोमा यो कार्य कार्यान्वयन हुन बाँकी रहेको र निकट भविष्यमा यो पहल गर्न दुवै संस्था सकारात्मक छन् ।

ग्रामीण प्रविधि केन्द्र नेपाल सँगको सहकार्यमा १० वटा ग्रामीण विद्यालयहरुमा वातावरणीय शिक्षा कार्यक्रम सञ्चालन गर्ने कार्ययोजना अनुसार मुगुको छायानाथ बहुउद्देश्यीय सहकारी संस्थाले ३ सय र कैलालीको किसान बहुउद्देश्यीय सहकारी संस्थाले ७० जना विद्यार्थीलाई ग्रामीण वातावरण सम्बन्धी शिक्षामा संलग्न गराएको छ ।

त्यसै गरी प्रत्येक लघुवित्त संस्थाहरुले केही जग्गा भएका आफ्ना ग्रामीण सदस्यहरू मार्फत फलफूलका रूख रोप्ने अभियान थालेका छन् । अहिले सम्म जम्मा १५ हजार ९७ फलफूलका विरुवा रोपिएका छन् ।

### ३.२ नयाँ सभ्यताको निर्माणमा लघुवित्त संस्थाहरूको भूमिका

"नयाँ सभ्यता निर्माणमा लघुवित्त संस्थाहरुको भूमिका" विषयक सत्रका लागि नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेडका अध्यक्ष डा. भेष प्रसाद धमला सहजकर्ताको भूमिकामा रहनु भएको थियो भने वक्ताहरुमा जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सञ्जय कुमार मण्डल, जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत विमला योगी, किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका महाप्रबन्धक डम्बर बहादुर शाह र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडका कार्यकारी निर्देशक डा. गोपाल दहित रहनु भएको थियो ।


सत्र संचालन गर्दै डा. भेष प्रसाद धमला

यस सत्रमा आफ्नो विचार राख्दै जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सञ्जय कुमार मण्डलले लघुवित्त संस्थाहरुले उद्यमशीलता विकासमा जोड दिनु पर्ने धारणा राख्नुभयो । "धनी र गरीब बीचको खाडल फराकिलो हुँदै गईरहेको छ र गरीबहरू अझै पनि वित्तीय पहुँचबाट वञ्चित छन् । युवा वेरोजगारी र विश्वव्यापी तापमान बृद्धि ठूला समस्याको रुपमा अगाडी आएका



फोरममा बोल्दै श्री सञ्जय कुमार मण्डल

छन् । हाम्रो अर्थतन्त्र आयात र रेमिट्यान्समा आधारित छ । हामीले यसलाई परिवर्तन गरेर उद्यम केन्द्रित गर्न आवश्यक छ । उद्यमशीलता विकास गरी मुलुकको अर्थतन्त्रमा टेवा पुऱ्याउनु पर्छ । साथै युवाको विदेश पलायन रोक्न हामीले सीपमा आधारित शिक्षा, अन्तरक्रिया कार्यक्रम र एक्सपोजर भ्रमणलाई प्राथमिकता दिनुपर्छ । सामाजिक मुद्दाहरूको सन्दर्भमा हामीले उपभोग सीमित गर्न र बचत बढाउन, बालबालिकाको शिक्षा, स्वास्थ्य र सरसफाईमा लगानी बढाउन र सानो परिवार जस्तो कार्यमा ध्यान केन्द्रित गर्न आवश्यक छ । त्यस्तै मद्यपान, धुम्रपान र भोज खर्च कम गर्न सदस्यहरूलाई उत्प्रेरित गर्नुपर्छ" उहाँको भनाई थियो । अति विपन्न गरीबहरुको सन्दर्भमा उहाँले भन्नुभयो । "हामीले अति विपन्न पहिचान गर्नको लागि सूचकहरू विकास गर्न आवश्यक छैन । किनभने उनीहरूको वसोवास, खानपीन र जीवन शैलीको अवलोकन बाट सजिलै चिन्न सकिन्छ । लघुवित्त संस्थाहरुले गरीबलाई समेटिने गरी गतिविधिहरू सञ्चालन गर्नुपर्छ ताकि यिनीहरु गरीबी बाट माथि उठ्न सकुन् । हामीसँग गरीबी सूचकांक Progress out of Poverty Index (PPI) को प्रगति निर्धारण गर्न प्रयोग हुने मोबाइल एपहरू छन्, त्यहाँ दस प्रश्नहरू छन् र सदस्यहरूको जवाफ एपहरूमा प्रविष्ट गरिएको छ । यो सरल प्रक्रिया हाम्रो सदस्यहरू बीच PPI निर्धारण गर्न प्रयोग गर्न सकिन्छ । यी एपहरूले एकदम सही नतिजाहरू दिएका छन् र विश्वका विभिन्न देशहरूमा प्रयोग भै आएका छन् ।" सो अवसरमा उहाँले जीवन विकास लघुवित्त वित्तीय संस्थाले सञ्चालन गरेको मानव एटीएमको बारेमा प्रकाश पार्दै उहाँले सदस्यहरुलाई सेवा प्रवाह गर्न आधिकारिक व्यक्तिलाई तालिम दिएर ग्रामीण क्षेत्रमा पनि एटीएमले दिने सरल र छिटो सेवा दिने व्यवस्था हुनुपर्ने विचार राख्नु भयो । साथै युवा विदेश पलायन रोक्न युवा उद्यमशीलतामा जोड दिनु पर्ने उहाँको जोड थियो ।

सो अवसरमा आफ्नो धारणा राख्ने क्रममा जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडकी प्रमुख कार्यकारी अधिकृत विमला योगीले महिलाहरूले अझै पनि आफ्नो सामाजिक र आर्थिक स्तर बढाउन आवश्यक रहेको औंल्याउनु भयो । "लघुवित्त संस्थाहरूले सुरुका दिन देखिनै महिलाहरूलाई विकासको मूलधारमा ल्याउन समुह गठन र केन्द्र बैठकहरू आयोजना गर्नुको साथै



श्री बिमला योगी फोरममा बोल्दै

व्यवसाय गरी उन्नति गर्न विना धितो ऋण उपलब्ध गराएका हुन । अझै पनि उनीहरूलाई सामाजिक अन्तरकृयामा संलग्न गराउन अत्यन्त जरुरी छ । विना धितो ऋण मार्फत हामीले उद्यमी महिलाहरूलाई सहयोग र बजार पहुँच प्रदान गरेका छौं । हामीले उनीहरूलाई उनीहरूको संस्कृति, नैतिकता र मुल्यमान्यताहरू पुनर्जीवन दिन मद्दत गरेका छौं । यसको परिणाम हाम्रा सदस्यहरू माझ पारिवारिक हिंसा र पारिवारिक विवादमा कमी आएको छ । हामीले उनीहरूलाई लगानी र आपतकालिन खर्चको लागि आर्थिक योजना प्रदान गरेका छौं । हामीले सदस्यहरुलाई उद्यमशीलता विकासको लागी व्यवसायिक योजना तयार गर्न सहजीकरण गर्ने, कच्चा पदार्थ उपलब्ध गराउने र बजारमा पहुँच पुऱ्याउन सघाएका छौं । साथै लघुवित्त मार्फत महिलाहरू स्वरोजगार भएर सम्पत्तिको मालिक बनेका छन् । हामीले महिला समानताका लागि काम गरेका छौं । हाम्रा सदस्यहरू राजनीतिमा आउन पनि सक्षम भएका छन् र निर्णय लिने भूमिकामा संलग्न भएका छन् ।" उहाँले भन्नुभयो । साथै उहाँले भविष्यमा लघुवित्त संस्थाले ३ शून्य क्लवको गठन र प्रवर्द्धनमा युवा तथा महिलालाई प्राथमिकता दिने र उद्यमीलाई उचित बजार मुल्य उपलब्ध गराउने तर्फ केन्द्रित हुनुपर्नेमा जोड दिनु भयो ।

नयाँ सभ्यताको निर्माणमा लघुवित्त संस्थाहरुको भूमिका सत्रका अर्का वक्ता किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका महाप्रबन्धक डम्बरबहादुर शाहले लघुवित्त संस्थाहरु जलवायु परिवर्तन, वन विनास जस्ता साझा समस्याहरू सम्वोधन गर्न सक्षम हुनुपर्नेमा जोड दिनुभयो । उहाँले लघुवित्तकर्मीहरुलाई



फोरममा बोल्दै श्री डम्बर बहादुर शाह

पहिला आफूले लघुवित्तको मर्म र भावना अनुरुप नैतिकता, आचारसंहिता र मुल्य मान्यतामा सुधार गरी सदस्यहरूप्रति बढी जवाफदेही बन्नु पर्ने आवश्यकतामा जोड दिनु भयो । "लगानीका लागि बढी बचत गर्ने र अनावश्यक उपभोगलाई सीमित गर्नु जरुरी छ । नवीकरणीय ऊर्जा प्रवर्द्धन र इन्डक्सन कुक स्टोभ र अन्य स्वच्छ उर्जाको प्रवर्द्धन गर्नु आवश्यक छ । साथै कृषिमा बिचौलियालाई निरुत्साहित गर्ने, देशमा दक्ष जनशक्तिको विकासमा ध्यान दिनुपर्ने र लघुवित्त संस्थाहरुले समाजको हितका लागि स्वास्थ्यकर्मी लगायतका प्राविधिक सेवाहरु पनि प्रदान गर्न सक्नुपर्‍यो ।" उहाँको सुझाव थियो ।

उक्त सत्रका अर्का वक्ता डा. गोपाल दहितले "आयात प्रतिस्थापन, उद्यमशीलता विकास, सभ्य समाजको विकास गर्ने जस्ता विषयमा लघुवित्तले जोड दिनु पर्ने उल्लेख गर्नुभयो । "बार्षिक ५ अर्ब देखि १० अर्ब रुपैयाँसम्मको धनियाँ विदेशबाट आयात गर्दै आएका छौं । त्यसै गरी २० अर्ब देखि ३० अर्ब रुपैयाँ सम्मको तेल, घ्यू र १०० अर्बभन्दा बढीको चामल आयात गर्दै आएका छौं । त्यस्तै वार्षिक ४० अर्ब देखि ६० अर्ब रुपैयाँको मासु आयात गर्दै आएका छौं । आयात प्रतिस्थापनको लागि हामीले रूफटप किचन गार्डनमा ध्यान केन्द्रित गर्नुपर्छ । हामीले क्रियाशील सभ्य समाजको विकास गर्नुपर्छ, स्वास्थ्य र सरसफाईलाई प्राथमिकता दिनुपर्छ" उहाँको भनाई थियो । सो अवसरमा डा. दहितले विपद् पूर्व तयारी, बाढी व्यवस्थापन, तरलता व्यवस्थापन र महामारी नियन्त्रणका समस्या प्रति सचेत भएर सोही अनुसारको रणनीति, कार्ययोजना र कार्यक्रम तयार गर्नुपर्ने बताउनु भयो । प्रविधिमैत्री लघुवित्त सेवाका सम्बन्धमा उहाँले सूचना प्रविधिमैत्री कार्यालय, प्रविधिमैत्री कर्मचारी, सदस्य, सञ्चालक, शेयरधनी, सूचना प्रविधिमैत्री सञ्जाल विकासका साथै तालिम प्याकेज र डकुमेन्टेसनमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । "हामीले Real Time Data (RTD) मा आधारित निर्णय लिनका लागि डाटा एक्युरेसी, कम टर्न अराउन्ड टाइम (TAT) को लागि नगद रहित बैंकिङ र विभिन्न सेवाहरूको लागि रियल टाइम डाटामा पनि ध्यान केन्द्रित गर्नुपर्छ । यसका लागि हामीले आकस्मिक र भरपर्दो सेवाका लागि कोर बैंकिङ प्रणाली, डिजिटल ऋण आवेदन प्रविधि र डिजिटल बचत प्लेटफर्म जस्ता प्रविधि अपनाउनुपर्छ ।" डा. दहितले भन्नुभयो ।



आफ्नो प्रस्तुति गर्दै डा. गोपाल दहित

उक्त सत्रका सहजकर्ता डा. भेष प्रसाद धमलाले लघुवित्त संस्थाहरु बाटो न छाडेर सदस्य प्रति जिम्मेवार ढंगबाट प्रस्तुत हुनु पर्ने वताउनु भयो । "लघुवित्त संस्थाहरू आफ्नो कृयाकलाप, लक्ष्य, उद्देश्य र मर्म विर्सेर अर्कोबाटो हिड्ने जस्ता समस्याहरु देखा परेका छन् । बाटो विराएकाले लघुवित्तमा धेरै थरीको समस्याहरू देखा परेका छन् । लघुवित्त संस्थाहरु वास्तविक लक्षित वर्ग भन्दा टाढा जानु, अधिक नाफामा केन्द्रित हुनु र अत्यधिक व्यावसायिक उद्देश्यहरू समावेश गरिनु जस्ता समस्या विकराल बन्दैछन् । विपन्न सदस्यलाई आत्मनिर्भर वनाउन सघाउने, गरीबी निवारण गर्ने जस्ता लघुवित्तको मुल उद्देश्य पनि प्राथमिकतामा पर्न सकेका छैनन् । अब लघुवित्त संस्थाहरुले आफुलाई सच्याई सदस्य केन्द्रित र मुल्यमान्यतामा आधारित लघुवित्त सञ्चालन गर्नुपर्छ ।" डा. धमलाले भन्नुभयो ।

## ३.३ नेपालमा तीन शून्य क्लबहरूमा अनुभव साझेदारी




श्री दामोदर रेग्मीले नेपालमा ३ शून्य क्लबहरूको गठन तथा प्रवर्द्धनमा अनुभव सत्र संचालन गर्दै

यस सत्रमा नेपालमा तीन शून्य क्लबको गठन तथा प्रवर्द्धनका सन्दर्भमा भएका कृयाकलाप तथा क्लब गठनको प्रगतिबारे जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका नायब प्रमुख कार्यकारी अधिकृत श्री दामोदर रेग्मीले प्रकाश पार्नु भएको थियो । "विश्वका धनी मध्ये १ प्रतिशतसँग विश्वको ५० प्रतिशत सम्पत्ति छ र ७० प्रतिशत संसारभरका गरीब जनता संग जम्मा २ प्रतिशत सम्पत्ति छ । यसले धनी र गरीब बिचमा ठुलो असमानता छ भन्ने देखाउँछ । यस समस्यालाई सम्बोधन गर्न र पृथ्वी बचाउनको निम्ति वर्तमान परिस्थितिमा विश्वमा रहेका सामाजिक र आर्थिक समस्याहरूलाई सम्वोधन गर्न हामीले नयाँ पुस्ताको सञ्जाल विकास गर्नु पर्छ । यसैको लागि प्रो. मोहम्मद युनूसले तीन शून्य क्लबको अवधारणा अघि सारेका हुन । संसारलाई नयाँ तरिकाले हाक्नको लागि युवाहरूलाई प्रोत्साहित गर्नुपर्छ । यसको लागि हामीले १२ देखि ३५ वर्षसम्मका वालवालिकाहरुलाई लक्षित गरी तीन शून्य क्लबहरू गठन र प्रवर्द्धन गर्नु पर्छ । प्रत्येक क्लबमा ५ जना सदस्य हुनेछन् । र प्रत्येक क्लबमा एकजना प्रमुख, एकजना उप प्रमुख र ३ जना सदस्य रहनेछन् । ३ शून्य क्लब वेबसाइटमा लग इन गरेर दर्ताको लागि तीन शून्य ग्लोबल सेन्टरमा आवेदन दिन सकिन्छ । तीन शून्य ग्लोबल सेन्टरले क्लब दर्ताको लागि स्वीकृति दिनेछ र स्वागत पत्र पठाउनेछ । तीन शून्य क्लबले आफ्नो वरिपरीका जुनसुकै विषयहरु जस्तै लघु कर्जा, कृषि, वन, शिक्षा, खेलकुद, स्वास्थ्य तथा सरसफाई र सभ्य समाज निर्माण जस्ता क्षेत्रमा काम गर्न सक्छन् । "क्लबका सदस्यहरूले एकआपसमा अनुभव बाँड्ने, नयाँ सोच र सम्भाव्यताको खोजी गर्ने । सामाजिक व्यवसायको अभ्यास गर्न, विश्वतापक्रम बृद्धिको समस्या, खतराहरूबारे विश्लेषण गर्न त्यस विरुद्ध पहल गर्न लगायत विश्वका अन्य प्रचलित समस्याहरूको समाधानमा काम गर्न सक्छन् । तीन शून्य क्लबका सदस्यहरूलाई प्रशिक्षण, अन्तरक्रिया, एक्सपोजर भ्रमणहरूमा पनि समावेश गरिनेछ । अहिले २३ देशमा २८८ वटा तीन शून्य क्लबहरु छन् । यस्तै १७ वटा तीन शून्य समर्थन संस्था (Support Organization) र २७ वटा समर्थन व्यक्ति (Support Persons) छन् । हाल नेपालमा ११० वटा तीन शून्य क्लब, बंगलादेशमा ९८ र नेपाल र बंगलादेश बाहेक विश्वभर ८० वटा तीन शून्य क्लब दर्ता भएका छन् । क्लबका सदस्यहरू मध्ये ५२५ जना पुरुष र ४८५ जना महिला रहेका छन् । वेबसाइटमा एउटा बुलेटिन बोर्ड छ जसले तीन शून्य क्लब र तीन शून्य क्लबहरूको अवधारणासँग सम्बन्धित सन्दर्भ सामाग्री र नविनतम विषयहरूमा समाचार, दृश्य र अन्य अध्ययन सामाग्रीहरु समावेश छन् । रेग्मीले भन्नुभयो ।

सो सत्रमा नेपालका तीन शून्य क्लबमा आबद्ध युवाहरूले आफ्नो अनुभव पनि प्रस्तुत गरेका थिए । क्लबमा आफू आबद्ध हुने रुचिका साथै आबद्ध भइसकेपछिको आफ्नो क्लबले गरेका कार्यहरूबारे चर्चा गरेका थिए ।

### १) दर्शन विष्ट, घोडाघोडी नगरपालिका, कैलाली

"म क्लबको मुख्य व्यक्ति हुँ । मेरो क्लबमा ४ जना पुरुष र १ महिला सदस्य छन् । हाम्रो क्लबले वातावरण र जलवायु परिवर्तनको विषयमा काम गर्दै आएको



छ । म हाल कक्षा १० मा पढ्दै छु । वृक्षारोपण गर्ने, सीप अभिवृद्धि गर्ने र नेतृत्व विकास गर्ने भूमिकामा संलग्न रहेको छु । मलाई किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले सहयोग गरेको छ ।"

### २) जुनी श्रेष्ठ, बुद्धशान्ति गाउँपालिका, झापा



"मेरो क्लबमा ३ जना पुरुष र २ जना महिला सदस्य छन् । मेरो क्लब वातावरण प्रदूषण र जलवायु परिवर्तनमा संलग्न छ । हाम्रो क्लब पहिरो नियन्त्रण गर्न रुख रोप्ने काममा संलग्न छ । मलाई जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले सहयोग गरेको छ ।"

### ३) ओमकार राई, धनकुटा नगरपालिका, धनकुटा




"म सामेल भएको क्लब, वातावरण र जलवायु परिवर्तन विषयमा संलग्न छ । म खेलकुद, पानी रिचार्ज व्यवस्थापन, वन्यजन्तु संरक्षण र वन डढेलो नियन्त्रण जस्ता संवेदनशील विषयमा संलग्न छु ।"

### ४) रुपक गौतम, सुर्योदय नगरपालिका, इलाम



"म सृजना माध्यमिक विद्यालयमा पढ्दै आएको छु । हाम्रो विद्यालयमा तीन शून्य क्लब छ । मेरो क्लबले विद्यालयको बगैंचामा फलफूल र अन्य प्रजातिका रुख विरुवा रोप्ने काम गर्दै आएको छ । यसको मुख्य उद्देश्य भनेको फलफूलबाट आय आर्जन गर्नुको साथै वातावरण संरक्षण तथा अक्सिजन उपलब्ध गराउने हो । जहाँ हामीले सके सम्म धेरै भन्दा धेरै अक्सिजन दिने पीपल रोपी रहेका छौं ।"

### ५) श्री योग्यता देवकोटा, कटहरी, मोरङ



"हाम्रो क्लबले वातावरण संरक्षणमा काम गर्दै आएको छ । हामीले पनि वातावरण र जलवायु परिवर्तनको विषयमा काम गर्छौं । यसमा मुख्य गरी बृक्षारोपण गरी रहेका छौं । सुधारिएको चुल्हो प्रयोग गर्न समुदायमा जनचेतना फैलाउने काम गरेका छौं । साथै प्लाष्टिकजन्य फोहोरको उचित व्यवस्थापनमा पनि काम गरी रहेका छौं ।"

## ४. समापन सत्र

समापन सत्रलाई सम्वोधन गर्दै फोरम आयोजक समितिका अध्यक्ष श्री शंकर मान श्रेष्ठले नयाँ सभ्यता निर्माणमा जुट्न आव्हान गर्नुभयो । "विगतको कार्य योजना अनुसार तोकिएका लक्ष्यका सन्दर्भमा भएका उपलब्धिले हामीलाई हौसला दिएको छ । लघुवित्तले उद्यमशीलता र युवा उद्यमशीलता विकास, तीन शून्य क्लबको प्रवर्द्धन, उपयुक्त प्रविधि, शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर नयाँ सभ्यता निर्माण गर्नुपर्छ ।" उहाँले भन्नु भयो । साथै उहाँले प्रो. मोहम्मद युनूस र युनूस सेन्टरको सम्पूर्ण टोलीलाई फोरमको आयोजनामा अमुल्य प्राविधिक सहयोगको लागि धन्यवाद दिनु भयो । उहाँले यस फोरमलाई भव्यरुपमा सफल बनाउन सहयोग गर्ने आयोजक समितिका सदस्यहरु, सहजकर्ताहरु, वक्ताहरु, स्वावलम्बन विकास केन्द्रका कर्मचारीहरु लगायत सबै सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

यस अघि समापन सत्रमा जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री सञ्जय कुमार मण्डलले वक्ताहरूले गरेका केही महत्वपूर्ण मन्तव्यहरू सहित फोरमको सारांश प्रस्तुत गर्नु भएको थियो । उहाँले मार्ग चित्र तयारीमा पाहुनाहरूलाई सहजीकरण पनि गर्नु भएको थियो । फोरमले तय गरेको मार्ग चित्र तल दिएको छ ।

### मार्ग चित्र

१) नयाँ सभ्यताको अवधारणा र आवश्यकताबारे हरेक सहभागी संस्था एवं सहभागीहरुले आ-आफ्नो संस्था र सम्पर्कमा आउने व्यक्ति वा समुहलाई जानकारी दिने र यसको कार्यान्वयनको लागि अभिप्रेरित गर्ने ।

२) ११औँ सामाजिक व्यवसाय दिवसमा स्वीकृत भएको कार्ययोजनालाई मन, बचन र कर्मले कार्यान्वयन गर्ने ।

३) तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको मूल नारा **"घर घरमा उद्यम फैलाऊँ, गरीबीलाई शून्य बनाऊँ"** लाई सार्थक बनाउन लघुवित्त तथा सहकारी संस्थाहरुले आ-आफ्ना कर्मचारी र सदस्यहरुलाई प्रतिबद्धताकासाथ कार्यान्वयन गर्न अभिप्रेरित गर्ने ।

४) १२औं सामाजिक व्यवसाय दिवसमा सहभागी भएका प्रत्येक लघुवित्त तथा सहकारी संस्थाहरुले आफ्नो कुनै एक वटा शाखामा लघुवित्तमा आबद्ध सदस्यहरु मध्ये कति जना गरीबीको रेखा भन्दा माथि उठेका छन्, सोको सर्वेक्षण गरी प्रतिवेदन तयार गर्ने । यसको विधिबारे जानकारी दिन स्वावलम्बन विकास केन्द्रले तालिमको व्यवस्था गर्ने ।

५) स्थानीय शैक्षिक संस्थाहरु, लघुवित्त तथा सहकारी संस्थाहरुले नयाँ सभ्यताको अवधारणा व्यवहारमा उतार्न लघुवित्त सदस्यका छोराछोरीहरु, विद्यार्थीहरु र स्थानीय युवाहरुलाई अभिमुखीकरण तालिम दिन व्यवस्था मिलाउने ।

६) तीन शून्य क्लब (Three ZERO club) हरु गठन कार्यक्रमलाई अभियानको रुपमा अगाडि बढाउने र युवाहरुलाई स्वदेशमै स्वरोजगारमा लाग्न उत्प्रेरित गर्ने ।

७) व्यावसायिक सीप भएका युवाहरुलाई लघुवित्त तथा सहकारी संस्थाहरुले व्यवसायको सम्भाव्यता हेरी कर्जा उपलब्धता सहज बनाउने र युवाहरुलाई विदेश पलायन हुनबाट जोगाई स्वदेशमै स्वरोजगारीको अवसर सिर्जना हुने कार्यक्रम कार्यान्वयन गर्ने ।

८) हरेक लघुवित्त तथा सहकारी संस्थाहरुले स्थानीय पालिका, CSD र CRT/N सँग समन्वय र सहकार्य गरी एक एक वटा वातावरण मैत्री स्वावलम्बन गाउँ प्रवर्द्धन गर्ने ।

९) सदस्यहरु र ग्रामीण समुदायमा असल संस्कार एवं आचरण निर्माण गर्न लघुवित्त तथा सहकारी संस्थाहरुले उत्प्रेरकको भूमिका खेल्ने तथा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।


## ५. कार्यक्रमको मूल्याङ्कन

सहभागीहरूको प्रतिक्रिया र मूल्याङ्कन अनलाईन गुगल फारम मार्फत १ देखि ५ सम्मको ८ वटा फरक सूचकहरूको आधारमा गरिएको थियो । सहभागीहरूलाई १ एकदमै खराब र ५ धेरै राम्रो छनौट गर्ने विकल्पहरु राखेर प्रश्न सोधिएको थियो । १२ औं सामाजिक व्यवसाय दिवसका जम्मा ५२४ जना सहभागीहरू मध्ये १६७ सहभागीहरू प्रतिक्रिया फारमहरू पेश गरी मूल्याङ्कनमा सहभागी भएका थिए । जसवाट प्राप्त परिणाम चार्ट तथा तालिकामा देखाइएको छ ।

**सूचकहरूको आधारमा समग्र नतिजा**

| सूचकहरू | मूल्याङ्कन | प्रतिशत |
|---|---|---|
| के यस कार्यक्रमका सहजकर्ता र वक्ताहरू आफ्नो विषयमा पर्याप्त जानकार हुनुहुन्थ्यो ? | उच्चतम स्वीकृति मूल्याङ्कन | ९८.२०% |
| के मुख्य वक्ता, प्रमुख अतिथि र विशेष अतिथिको टिप्पणी वा विचारहरू उल्लेखनिय थिए ? | दोस्रो उच्चतम स्वीकृति मूल्याङ्कन | ९६.४१% |
| के यो कार्यक्रमले राम्रो भविष्य बनाउनको लागि सामाजिक व्यवसायीहरूको अनुभव साझा गर्न मंच प्रदान गर्न सफल भएको छ ? | सबैभन्दा कम अनुमोदन रेटिङ मध्य एक | ९३.४१% |

**समष्टिगत मूल्याङ्कन चार्ट (प्रतिशतमा)**



**मूल्याङ्कनको प्रश्नावली समग्र नतिजा**

| क.स. | प्रश्नहरू | कुल | सन्तोषजनक | उत्कृष्ट |
|---|---|---|---|---|
| १ | के कार्यक्रमले तपाईको अपेक्षा पूरा गर्यो? | १६७ | ५.९९% | ९४.०१% |
| २ | के यो कार्यक्रमले राम्रो भविष्य बनाउनको लागि सामाजिक व्यवसायीहरूको अनुभव साझा गर्न मंच प्रदान गर्न सफल भएको छ ? | १६७ | ६.५९% | ९३.४१% |
| ३ | के यो कार्यक्रमको गति सन्तोष जनक थियो ? | १७१ | ४.०९% | ९५.९१% |
| ४ | के यो कार्यक्रमको समय अवधि छलफल गरिएका विषयहरूलाई समेट्न पर्याप्त थियो ? | १६७ | ८.९८% | ९१.०२% |
| ५ | के मुख्य वक्ता, प्रमुख अतिथि र विशेष अतिथिको टिप्पणी वा विचारहरू उल्लेखनिय थिए ? | १६७ | ३.५९% | ९६.४१% |
| ६ | के यस कार्यक्रमका सहजकर्ता र वक्ताहरू आफ्नो विषयमा पर्याप्त जानकार हुनुहुन्थ्यो ? | १६७ | १.८०% | ९८.२०% |
| ७ | कार्यक्रमको समग्र व्यवस्थापन कस्तो रह्यो ? | १६७ | ४.७९% | ९५.२१% |

## ६. निष्कर्ष

यस १२औँ सामाजिक व्यवसाय दिवस नेपाल कन्ट्री फोरमले वर्तमान सभ्यताले मानवजाति सामु ल्याएका खतराहरूबारे छलफल गर्दै नयाँ सभ्यता निर्माणको लागि अघि बढ्ने निष्कर्ष निकालेको छ । यसकालागि फोरमका सहभागीहरू शून्य गरीबी, शून्य बेरोजगारी तथा शून्य खुद कार्वन उत्सर्जन सहितको समुन्नत विश्व निर्माण गर्ने अभियानमा आफ्नो क्षेत्रबाट पहल गर्न सहमत भएका छन् ।

१२औँ सामाजिक व्यवसाय दिवस कन्ट्री फोरम अफ नेपालले वर्तमान सभ्यताको कारण मानवजातिको अस्तित्व माथि भएका खतराहरूबारे विभिन्न कोणबाट छलफल गरेको छ । यस क्रममा वर्तमान विश्वमा देखा परेको सीमित व्यक्तिमा रहेको पूँजीको केन्द्रिकरणले गर्दा श्रोत माथि सीमित बर्गको एकाधिकार भएको र यसले धेरै असमानताहरू पैदा गरेको निष्कर्ष सहभागीहरूले निकाले । यसले गरीब र धनीबर्ग बिचको दूरी बढाएको र गरीबी तथा बेरोजगारी जस्ता समस्यालाई पनि बढावा दिएको तर्फ पनि बहस भयो ।

सम्मेलनले आगामी यात्राबारे व्यापक छलफल गर्दै ९ बुंदे मार्ग चित्र सर्व सम्मतिबाट पारित गरेको छ । जसले नयाँ सभ्यता बारे आफ्नो क्षेत्रमा जनचेतना जगाउन पैरवी गर्ने र आफूले पनि यसको मर्म र भावनालाई आत्मसात गर्ने तर्फ जोड दिएको छ । साथै सामाजिक व्यवसाय विकासमा जोड दिने, आफ्नो कार्य क्षेत्रमा रहेका अति विपन्न वर्गको पहिचान गरी उनीहरूको जीवन स्तर उकास्न पहल गर्ने, युवाहरूलाई तीन शून्य क्लबमा आवद्ध गर्ने र वर्तमान समस्या सँग परिचित गराउँदै नयाँ सभ्यताको अगुवाई गराउन आवश्यक सीप क्षमता तथा दक्षता प्रदान गर्न पहल गर्ने, लघुवित्त मार्फत लघुवित्त सदस्यको साथै सदस्यका छोराछोरी तथा विद्यालयका बालबालिका माँझ नयाँ सभ्यता बारे जनचेतना फैलाउन पहल गर्ने तथा वातावरणमैत्री स्वावलम्बी गाउँ निर्माण तथा प्रवर्द्धनलाई व्यापकता दिने सहमति पनि भएको छ ।

फोरमले शून्य गरीबी, शून्य बेरोजगारी र शून्य कार्वन उत्सर्जनको लक्ष्य हासिल गर्न तीन शून्य क्लबको गठन, यसको ढाँचा, सञ्चालन प्रक्रिया र कार्यशैलीबारे पनि छलफल गरेको छ । यस अवसरमा सबै देशहरूले तीन शून्य क्लबको अवधारणालाई अभियानको रुपमा अघि बढाउन जोड दिए अनुसार नेपालमा पनि यो अवधारणालाई अभियानको रुपमा अघि बढाउने तथा विश्व अभियानको सक्रिय सदस्यको रुपमा नेपाल फोरमलाई उभ्याउने तर्फ पनि जोड दिइएको छ । साथै तीन शून्य क्लबको गठन प्रवर्द्धन गरी नेपाली युवाहरूलाई विश्वव्यापी रूपमा बढ्दै गएको तीन शून्य क्लबको आधिकारिक सञ्जालमा आवद्ध हुन प्रेरित गर्ने तर्फ पनि कार्यक्रमले जोड दिएको छ । समष्टिगत रूपमा नेपाल फोरम सफलतापूर्वक सम्पन्न भएको अनुभूति सबैमा भएको पाइएको छ । कार्यक्रममा सहभागीहरू बिच गरिएको मूल्याङ्कनले यसको पुष्टि गरेको छ ।

# अनुसूची १

## १२औं सामाजिक व्यवसाय दिवस, २०७९
## कन्ट्री फोरम नेपाल

(२०७९, आषाढ १५)

**१२औँ सामाजिक व्यवसाय दिवसको नारा: "वर्तमान सभ्यताले मानव अस्तित्व समाप्त पार्नु अघि नयाँ सभ्यताको सुरुवात गरौँ"**

### कार्यक्रम तालिका

| समय | कार्यक्रम तालिका |
|---|---|
| १०:००-११:०० | फोरमको उद्घाटन |
| १०:००- १०:१० | प्रतिनिधिहरुलाई स्वागत तथा कार्यक्रम माथी प्रकाश: आयोजक समितिका अध्यक्ष श्री शंकर मान श्रेष्ठ । |
| १०:१०-१०:३० | मुख्य वक्ता, प्रोफेसर मुहम्मद युनूस |
| १०:३०-११:०० | मन्तव्य:<br>विशेष अतिथी, पूर्व गभर्नर, नेपाल राष्ट्र बैंक, डा. चिरञ्जीवी नेपाल |
| | व्यवसायिक सत्रहरू |
| ११:०० - ११:३०<br><br><br>११:३०-१२:१० | विषय: ११औँ सामाजिक व्यवसाय दिवस, नेपाल कन्ट्री फोरमले तय गरेको दुई वर्षे कार्ययोजनाको प्रगति र कार्यान्वयनको समीक्षा<br>वक्ता: श्री ज्योतिचन्द्र ओझा<br>फ्लोर छलफल<br>विषय: नयाँ सभ्यता निर्माणमा लघुवित्त संस्थाहरूको भूमिका ।<br>सहजकर्ता: डा. भेष प्रसाद धमला |
| | वक्ताहरू |
| | • डा. गोपाल दहित<br>• श्री डम्बर बहादुर शाह<br>• श्री सञ्जय कुमार मण्डल<br>• श्री बिमला योगी<br>खुल्ला छलफल |

| समय | कार्यक्रम तालिका |
|---|---|
| १२:१०-<br>१२:५० | विषय: नेपालमा तीन शून्य क्लबहरूमा अनुभव साझेदारी<br>सहजकर्ता: श्री दामोदर रेग्मी |
| | वक्ताहरू : (तीन शून्य क्लबका सदस्यहरु)<br>• श्री जुनी श्रेष्ठ<br>• श्री ओमकार राई<br>• श्री योग्यता देवकोटा<br>• श्री दर्शन विष्ट<br>• श्री रुपक गौतम<br>खुल्ला छलफल |
| १२:५०-<br>०१:०० | **कार्यक्रम मुल्याङ्कन** |
| | |
| ०१:००-<br>०१:३० | **समापन सत्र** |
| | • सत्रहरूको सारांश प्रस्तुति र मार्ग चित्र<br>श्री सञ्जय कुमार मण्डल<br>• समापन मन्तव्य र फोरमको समापन: फोरम आयोजक समितिका अध्यक्ष श्री शंकर मान श्रेष्ठ |

# अनुसूची २

## अतिथी, सहजकर्ता तथा वक्ताहरू

12[TH] SOCIAL BUSINESS Day

# कन्ट्री फोरम अफ नेपाल

आषाढ १५, २०७९ (जून २९, २०२२)
विहान ९:४५ देखि अपरान्ह ०१:३० सम्म

**स्वालम्बन विकास केन्द्र नेपाल**

वर्तमान सभ्यताले मानव अस्तित्व समाप्त पार्नु अघि नयाँ सभ्यताको सुरूवात गरौं

## उद्घाटन सत्र



प्रमुख वक्ता
**नोवेल विजेता प्रो. मुहम्मद यूनुस**
अध्यक्ष
यूनुस सेन्टर, बंगलादेश



अध्यक्ष
**श्री शंकर मान श्रेष्ठ**
अध्यक्ष
स्वावलम्बन विकास केन्द्र, नेपाल



विशेष अतिथी
**डा. चिरञ्जीवी नेपाल**
पूर्व गभर्नर
नेपाल राष्ट्र बैंक

## व्यवसायिक सत्र



डा. भेष प्रसाद धमला
अध्यक्ष, नेरुडे ल.वि.सं.लि.



श्री ज्योतीचन्द्र ओझा
प्र.का.अ., आरएमडीसी ल.वि.सं.लि.



डा. गोपाल दहित
का.नि., युनिक नेपाल ल.वि.सं.लि.



श्री डम्वर बहादुर शाह
महाप्रबन्धक, किसान व.स.सं.लि.

सहजकर्ताहरु



श्री संजय कुमार मण्डल
प्र.का.अ., जीवन विकास ल.वि.सं.लि.



श्री विमला योगी
प्र.का.अ., जाल्पा सा.ल.वि.सं.लि.



श्री दामोदर रेग्मी
सहायक, प्र.का.अ., जीवन विकास ल.वि.सं.लि.

थप जानकारीको लागि सम्पर्क :
श्री वेचन गिरी
✆ ९८५१०१२८५७, ०१-५३६५६३५, ५३५६७८६
✉ csd@mos.com.np
www.csdnepal.org.np

भाषा नेपाली | दर्ता नि:शुल्क

Register here to Join us: zoom
https://zoom.us/j/975 4909 6791
Meeting ID: 975 4909 6791

OR Scan this QR code to join directly.

# अनुसूचि ३

## व्यवसाय सत्रका सहजकर्ता तथा वक्ताहरूको परिचय

### व्यवसाय सत्रका सहजकर्ता

#### डा. भेष प्रसाद धमला



डा. धमला नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड, विराटनगरका वर्तमान र संस्थापक अध्यक्ष हुनुहुन्छ। नेपाल बिजनेस कलेज विराटनगरका संस्थापक अध्यक्ष समेत रहेका उहाँ विभिन्न सामाजिक संघसंस्थामा विभिन्न हैसियतमा रहेर योगदान गर्नु भएको छ। डा. धमलाले करिब ३६ वर्ष विश्वविद्यालयमा प्राध्यापकको रूपमा काम गर्नु भएको छ भने यस विचमा क्याम्पस प्रमुख, विभागीय प्रमुख र पूर्वाञ्चल विश्वविद्यालयका संस्थापक रजिस्ट्रारका रूपमा १३ वर्ष शैक्षिक प्रशासनमा काम गर्नु भएको छ। त्यसैगरी, उहाँले स्नातकोत्तर र विद्यावारिधि तहको शोधपत्र निरीक्षण तथा अन्य विभिन्न अनुसन्धान परियोजनाहरूमा काम गर्नु भएको छ। उहाँले देश तथा विदेशमा समेत विभिन्न तालिम, गोष्ठी, सेमिनार, कार्यशालामा सहजकर्ता, प्रशिक्षक, टिप्पणीकार एवं वक्ताको भूमिका निभाउनु भएको छ। नेपाल परिचय (पुस्तक)का सह-लेखक डा. धमलाका विभिन्न पत्रपत्रिकामा लेखरचनाहरू प्रकाशित छन्। डा. धमलाले अर्थशास्त्रमा स्नातकोत्तर र "Examination For the Courses on Development" विषयमा विद्यावारिधि गर्नु भएको छ भने बेलायतको क्याम्ब्रीज विश्वविद्यालयबाट पनि कोर्ष पुरा गर्नु भएको छ।

### व्यवसाय सत्रका वक्ताहरू

#### श्री दामोदर रेग्मी



श्री रेग्मी हाल जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका उप प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ। उहाँ जीवन विकास समाजमा सन् २००७ जूनमा वरिष्ठ प्रबन्धक/विभागीय प्रमुखको रूपमा आवद्ध हुनु भएको थियो। उहाँले त्रिभुवन विश्वविद्यालय, नेपालबाट समाजशास्त्र र अर्थशास्त्रमा स्नातक र ग्रामीण विकासमा स्नातकोत्तर गर्नु भएको छ। उहाँले लघुवित्त, गरीबी निवारणका साथै वातावरण संरक्षण र स्वच्छ ऊर्जा विकासमा केन्द्रित भएर बंगलादेश, भारत, युएई, श्रीलंका, थाइल्याण्ड, फिलिपिन्स, मलेसिया, सिंगापुर, चीन, स्विट्जरल्याण्ड, जर्मनी, नेदरल्याण्ड, फ्रान्स, केन्या लगायत मुलुकको भ्रमण गर्नु भएको छ। श्री रेग्मीले लघुवित्तका लागि प्रमाणित प्रशिक्षण प्रशिक्षकमा अन्तर्राष्ट्रिय दूर शिक्षा पाठ्यक्रम अध्ययन पुरा गर्नु भएको छ।

#### श्री ज्योतिचन्द्र ओझा



श्री ओझा नेपालको एक प्रख्यात थोक कर्जा प्रदायक लघुवित्त संस्था आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ। वित्तीय क्षेत्रमा तीन दशक भन्दा बढीको अनुभव र बृहत् ज्ञान भएका ओझा राष्ट्रिय वाणिज्य बैंकमा विभिन्न व्यवस्थापकीय हैसियतमा रहेर कार्यकारी निर्देशकको पदबाट सेवा निवृत्त भएका थिए। यस बाहेक उहाँ नेको इन्स्योरेन्स कम्पनी लिमिटेडका अध्यक्ष पनि हुनु भएको थियो। नेपालगञ्ज स्थित मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैंकका कार्यकारी निर्देशक तथा नेपाल ल्युब आयल लिमिटेड र नेशनल बैंकिङ इन्स्टिच्युट (एनबीआई) लिमिटेडको सञ्चालक समितिको जिम्मेवारी सम्हाल्नु भएका ओझाले व्यवस्थापन सीपका अलावा प्रमुख पत्रपत्रिकामा दर्जनभन्दा बढी लेख रचना पनि लेख्नु भएको छ। उनले एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी (एआईटी), बैंकक, थाइल्याण्डबाट व्यवस्थापनमा स्नातकोत्तर गर्नु भएको छ।

## श्री बिमला योगी



श्री योगी जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडकी प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ । श्री योगी लघुवित्त कार्यक्रमको सक्रिय प्रवर्द्धक हुनुहुन्छ र दुई दशक देखि महिला जागरण, सशक्तीकरण र महिलाहरूलाई बचत तथा ऋण समूहमा संगठित गर्ने कार्यमा संलग्न हुनुहुन्छ । उहाँले दाङ जिल्लामा विभिन्न सामुदायिक तथा कल्याणकारी कार्यक्रममा प्रवन्ध समिति सदस्यको रुपमा वसेर भूमिका निभाउनु भएको छ । साथै उहाँ विपन्न वर्ग तथा समुदायको सशक्तीकरण, कृषि, सहकारी र कृषि व्यवस्थापनमा महिलाको भूमिका लगायतका विषयमा तालिम कार्यक्रम र कार्यशालामा सहभागी हुनु भएको छ । श्री योगीले अर्थशास्त्र र सामाजिक विज्ञानमा स्नातकोत्तर तहको अध्ययन पुरा गर्नु भएको छ ।

## डा. गोपाल दहित



राजापुर नगरपालिका -२, जोतपुर, बर्दियामा जन्मनु भएका डा. गोपाल दहित युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडमा कार्यकारी निर्देशक हुनुहुन्छ । उहाँ संग जनजाति, वातावरण तथा बाल सरोकार सम्बन्धी SIRF/SNV, PLDF/DANIDA, UNDP/CCD, UNDP/SGP/GEF लगायत विभिन्न परियोजनामा लामो समय काम गरेको अनुभव रहेको छ । उहाँ युनिक तथा संगठित साना किसान सहकारी संस्थाको विभिन्न तहको नीति निर्माण कार्यमा पनि लामो समय संलग्न हुनु भएको छ । राजनीतिक क्षेत्रमा सक्रिय डा. दहितले यस अघि नेपाल सरकारका तर्फवाट भूमि सुधार तथा व्यवस्थापन मन्त्रीको जिम्मेवारी पनि निभाउनु भएको थियो । डा. दहितले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर र लुम्विनी विश्वविद्यालयबाट विद्यावारिधि गर्नुभएको छ । डा. दहितका विभिन्न पत्रपत्रिकामा लेख, रचना तथा अनुसन्धानमुलक कृतिहरू पनि प्रकाशित छन् ।

## श्री सञ्जय कुमार मण्डल



श्री मण्डल जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत हुनु हुन्छ । यस अघि उहाँ जीवन विकास समाजको निर्देशक हुनु हुन्थ्यो । स्थापनाकाल देखि नै श्री मण्डलले संस्थाको विकासमा निर्णायक भूमिका खेल्दै आउनु भएको छ । उहाँ गाउँ बैंकिङ ढाँचा, लघुवित्त सञ्चालन, सुपरिवेक्षण र अनुगमन, अपराध व्यवस्थापन लगायतका विषयमा कार्यशाला तथा तालिममा सहभागी हुनु भएको छ । यस बाहेक, उनले विभिन्न देशहरूमा अन्तर्राष्ट्रिय शिखर सम्मेलन र अध्ययन भ्रमणहरूमा भाग लिनु भएको छ । श्री मण्डलले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर अध्ययन पुरा गर्नु भएको छ ।

## श्री डम्बर बहादुर शाह



श्री शाह हाल किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, कैलालीका महाप्रबन्धक हुनुहुन्छ । उहाँ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका संस्थापक सदस्य मध्येका एक हुनुहुन्छ र स्थापना भएदेखि नै सहकारी सँग आवद्ध हुनुहुन्छ । उहाँले लघुवित्तमा अत्याधुनिक प्रविधिको प्रयोग गरी आफ्ना सदस्यहरूलाई गुणस्तरीय र आकस्मिक सेवा प्रदान गर्न निरन्तर लागि रहनु भएको छ । उहाँले आफ्ना सदस्यहरू माँझ उद्यमशीलता विकास गर्न पनि अथक प्रयास गर्नु भएको छ । हाल उहाँ राष्ट्रिय सहकारी बैंक लिमिटेडको लघुवित्त उपसमिति सदस्यको रूपमा पनि कार्यरत हुनुहुन्छ । श्री शाहले सहभागी र आयोजक दुबैको हैसियतमा धेरै क्षेत्रिय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सेमिनार र तालिम कार्यक्रममा भाग लिनु भएको छ । श्री शाहले इन्दिरा गान्धी राष्ट्रिय खुला विश्वविद्यालय, भारतबाट बैंकिङ र वित्तमा स्नातकोत्तर उपाधि र सेन्टजेभियर कलेज, मुम्बई, भारतबाट लेखा र व्यवस्थापनमा स्नातक उपाधि हासिल गर्नु भएको छ ।

# अनुसूचि ४

## फोरम सहयोगी समूह, स्वावलम्बन विकास केन्द्र

| क.स. | नाम | पद |
|---|---|---|
| १. | श्री सतिस कुमार श्रेष्ठ | निर्देशक |
| २. | श्री सोपन विष्ट | सहायक निर्देशक |
| ३. | श्री रेणु प्रजापति | वरिष्ठ अधिकृत |
| ४. | श्री चन्द्र कान्त पण्डित | सञ्चार अधिकृत |
| ५. | श्री दिपेन्द्र जोशी | अधिकृत |
| ६. | श्री लक्ष्मी पराजुली | वरिष्ठ सहायक |
| ७. | श्री सुचिता मर्हजन | सहायक |
| ८. | श्री सरु मगर | सहायक |

# CENTRE FOR SELF-HELP DEVELOPMENT (CSD)

Maitighar Height



# स्वावलम्बन विकास केन्द्र (CSD)

-Institute of Microfinance & Cooperative Development

पो.ब.नं. ८८५२, माइतीघर हाईट, काठमाडौं, नेपाल, फोन : ९७७-१-५३५६७८६, ५३६५६३४

Email: csd@mos.com.np, URL: www.csdnepal.org.np